# प्रभाव दैनिक
National Daily



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल-७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com



वर्ष १० अंक २१७ काठमाडौं | बिहीबार, २१ मंसिर २०८० | Prabhab National Daily | Thursday, December 7, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


# अपराधसंहिता संशोधन नहुँदा नेकपा झमेलामा



अदालतमा हामी उपस्थित किन हुने ? राजनीतिक मुद्दामा न्यायालयले हात हाल्न मिल्दैन । सहमति उल्लंघन गर्ने दृष्टता न्यायालयले गर्न हुँदैन

**खड्गबहादुर विश्वकर्मा**
प्रवक्ता, नेकपा



अदालतले ३५ दिनको समय दिएको हो । समय अझै छ । उहाँहरु आफैं अदालत जानुहुन्छ होला । तर, जानुभएन भने नियन्त्रणमा लिएर बुझाउँछौं

**कुबेर कडायत**
प्रवक्ता, नेपाल प्रहरी

■ **जेबी योञ्जन**

**काठमाडौं–** सरकारले मुलुकी फौजदारी अपराधसंहिता संशोधन गर्न ढिलाई गर्दा हतियार बिसाएर शान्ति प्रक्रियामा आएको नेपाल कम्युनिस्ट पार्टी (नेकपा)का नेता कार्यकर्ताहरू न्यायालयसँग फस्किएका छन् ।

सुल्झिन बाँकी चार वर्ष पुरानो राज्यविरुद्धको कसूरसम्बन्धी मुद्दामा पार्टी महासचिव नेत्रविक्रम चन्दलगायत नेताहरूविरुद्ध नै जिल्ला अदालत काठमाडौंबाट पक्राउ पूर्जी जारी भएपछि उनीहरू फस्किएका हुन् ।

पक्राउ पूर्जीविरुद्ध आफ्ना नेता कार्यकर्तालाई नेकपाले सडक संघर्षमा उतारिसकेको छ । न्यायालयले २१ फागुन २०७७ मा सरकार र नेकपाबीच भएको तीन बुँदे सहमतिको तेस्रो बुँदाको उल्लङ्घन गर्दै अन्ततः शान्ति प्रक्रिया खल्बल्याउने हर्कत भएको भन्दै कडा शब्दमा नेकपाले टिप्पणीसमेत गरेको छ । अदालतले तोकेको अवधिमा उपस्थिति नहुने बरु प्रतिवाद गर्ने चेतावनी पार्टी प्रवक्ता खड्गबहादुर विश्वकर्माले दिए ।

'अदालतमा हामी उपस्थित किन हुने ? हुँदैनौं । राजनीतिक मुद्दामा न्यायालयले हात हाल्न मिल्दैन', प्रवक्ता विश्वकर्माले प्रभावसँग भने', सहमति उल्लंघन गर्ने दृष्टता न्यायालयले गर्न हुँदैन ।'

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारसँग भएको तीन बुँदे सहमतिको तेस्रो बुँदामा नेकपाका नेता कार्यकर्ताहरूविरुद्धको सबै मुद्दा खारेज गर्ने भनिएको छ । तर, अहिलेसम्म खारेज भने भएको छैन । देशभरका अदालतहरूमा मुद्दाहरू यथावत छन् । मुद्दाहरू खारेज वा फिर्ता लिन सरकारले १ भदौ २०७५ देखि लागू भएको अपराधसंहिता र कार्यविधि ऐनमा संशोधन गर्नेपर्छ ।

त्यसका लागि सरकारले ऐनको दफा ११६ मा नयाँ व्यवस्था (क) थपेर हिंसात्मक क्रियाकलापबाट शान्तिपूर्ण प्रक्रियामा आउने समूहका सदस्यहरूको मुद्दा फिर्ता लिन पाउने व्यवस्था थपेको छ । ऐनमा यस्तो व्यवस्थासहितको प्रावधान थपिएको विधेयक हाल संसद्मा विचाराधीन अवस्थामा छ । उक्त विधेयकमा कुनै राजनीतिक दल वा समूह हिंसात्मक क्रियाकलाप छाडी शान्तिपूर्ण राजनीतिक क्रियाकलाप सञ्चालन गर्ने प्रतिबद्धतासहित सरकारसँग सम्झौता गरेमा मुद्दा फिर्ता हुने उल्लेख छ । सरकारसँग सम्झौतापछि त्यो समूहको नेता तथा कार्यकर्ताको मुद्दा फिर्ता हुने र प्रस्तावित कानुनमा जुनसुकै मुद्दा, जुनसुकै तहको अदालतमा विचाराधीन भए पनि फिर्ता लिन बाधा पर्ने छैन भन्ने व्यवस्था थपिएको छ । अपराधसंहिता संशोधनका लागि प्रस्तावित प्रावधानहरूलाई प्रमुख विपक्षी दल नेकपा एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसदहरूले यसअघि अधिक विरोध गरेका थिए । जसले गर्दा विधेयक हाल विचाराधीन अवस्थामा छ ।

यहीबेला अदालतले नेकपा महासचिव चन्दसहित, प्रवक्ता विश्वकर्मा, नेताहरू माइला लामा र राजु कार्कीविरुद्ध पक्राउ पूर्जी जारी गरेको हो । यसपछि न्यायालयसँग नेकपा बिच्किएको छ । पक्राउ पूर्जीविरुद्ध बुधबार नेता कार्यकर्ताहरूलाई नेकपाले सडकमा उतार्‍यो । यसअघि मंगलबार त अझ मसाल जुलुस नै गरेको थियो ।

प्रवक्ता विश्वकर्माका अनुसार सरकार र नेकपाबीच राजनीतिक सहमति भएको र यसपछि अदालतले पुरानो मुद्दालाई लिएर सक्रियता देखाउन हुँदैन । उनले भने, 'अदालतको काम त के हो भने राजनीतिक रूपमा राज्य र विद्रोह शक्तिबीचको सहमति भए त्यसको कार्यान्वयन खातिर संशोधन गर्नुपर्ने कानुनबारे सोच्ने हो । तर, विरुद्धमा हर्कत गर्न पाइँदैन ।'

(बाँकी पृष्ठ २ मा)

एनसेल सेयर बिक्री प्रकरण

# अध्ययनबिनैको सोधपुछमा सांसद सम्बन्धित निकाय झन् के कम

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** कुनैबेला एक खर्ब ३६ करोड अमेरिकी डलरमा किनेको एनसेलको ८० प्रतिशत सेयर अति सस्तो दाममा किनबेच भएपछि संसदीय समिति बल्ल यो विषयमा तातेको छ । बिजनेस भएपनि सुस्ताएका अर्थ समिति र सार्वजनिक लेखा समितिले बुधबार एकै दिन यस विषयमा दुरसञ्चार प्राधिकरण र कम्पनी रजिस्ट्रारलाई बोलाएर प्रश्न सोध्ने काम गर्‍यो ।

सबैभन्दा पहिले अर्थ समितिले बिहानै सिंहदरबारस्थित आफ्नो बैठक कक्षामा दुरसञ्चार प्राधिकरणका अध्यक्ष पुरुषोत्तम खनाललाई उपस्थित गराए।११ बजे भनिए पनि झन्डै १२ बजे शुरु भएको बैठकमा एमालेबाट सदस्य रहेका सांसदहरू देखिएनन् । सर्वाधिक सरोकारको विषय भएकोले सञ्चारकर्मीको बाक्लो उपस्थिति देखिन्थ्यो । अर्थ समितिका सभापति नेपाली कांग्रेसका सन्तोष चालिसेले एमाले सांसदको उपस्थितिबिनै बैठक थाले ।

कांग्रेस सांसद्हरू दीपक खड्का, ज्ञानेन्द्रबहादुर कार्की, राष्ट्रिय स्वतन्त्र पार्टीका सांसदहरूले स्वार्णिम वाग्ले विराजभक्त महर्जनलगायतले कानुन पालनामा दुरञ्चार प्रधिकरण चुकेको औंल्याए । लगानी सम्मेलनपूर्व एनसेल प्रकरण मच्चाएर नेपालको अर्थतन्त्रलाई अझ अधोगतिमा लान लागिएको हो कि भनी आशंकासमेत जनाए । यसअघिको राजश्व पनि बाँकी रहेकोले प्राधिकरणले बक्यौता उठाउन नसकेकोबारे प्रश्न सोधे ।

प्राधिकरणका अध्यक्ष खनालले भने देशमा न्याय नपाए पनि अन्तरराष्ट्रिय अदालतबाट भए पनि न्याय मिलेको उदाहरण दिँदै सरकारले एक पैसा नछाड्ने दाबी पेश गरे । 'आज तिरेन भन्दै भोलि सिल गर्‍यो भने सेवामा असर पर्छ । तर सरकारको राजस्वको एक पैसा पनि छोडदैनौं,' खनालले भने ।

दूरसञ्चार कम्पनी नियमनका लागि बलियो कानुन आवश्यक रहेको उनले आवश्यकता औंल्याए । 'एउटा एक्ट किन पटक पटक फर्किन्छ । यो यही सँग जोडिन्छ । एनसेलको यहीँको सीइओलाई त हामी कठघरामा उभ्याउँला । दूरसञ्चार ऐन पर्याप्त छैन,' खनालले भने ।

दुरसञ्चार प्रदायक कम्पनीको किनबेचको नियमक सरकारी निकाय हो दुरसञ्चार प्राधिकरण । तर एनसेलको सेयर किनेबेचबारे आफूहरूलाई पछिमात्र थाह पाएको र थाह पाउनसाथ पत्र काटेको खनालको भनाइ थियो । दुरसञ्चारले यसबारे पत्र काटेको मंसिर १५ मा । एनसेलले ४ दिनपछि मंगलबारमात्र पत्रको जवाफ पठाएको खुल्यो बैठकमा । बैठकमा उक्त पत्रको माग सांसदहरूले गरेपछि प्राधिकरणले प्रिन्ट गरेर पत्र बाँडेको थियो । एनसेलले लेखेको जवाफमा अजियटा र स्पेक्ट्रालाइट युके लिमिटेडबीच भएको द्विपक्षीय सम्झौता संकलनको क्रममा रहेको उल्लेख छ । एनसेलका प्रमुख कानुन तथा नियामक मामिला अधिकृत विशालमणि उपाध्यायले लेखेको जवाफमा आफूहरू कानुनी प्रक्रियाअनुसार नै सेयर किनबेचका लागि प्राधिकरणमा स्विकृतिका लागि निवेदन दिने उल्लेख गरिएको छ ।

(बाँकी पृष्ठ २ मा)



एनसेल सेयर किनबेच बारे अर्थ समितिको बैठक । *तस्बिरः रासस*

- संसदीय समितिमा पुगेका अधिकांश सांसदहरुसँग पत्रपत्रिकामा आएका समाचारका विषयबाहेर एनसेल सेयर किनबेचको न त कुनै प्रमाण थियो त त तथ्याङ्क नै
- दुरसञ्चार प्रदायक कम्पनीको किनबेचको नियमक सरकारी निकाय पनि के कम एनसेलको सेयर किनेबेचबारे आफूहरूलाई पछिमात्र थाह पाएको दाबी गर्दै आफूहरु अनुसन्धानमा खुलेर लाग्ने वचन दिए
- यता कम्पनी रजिस्ट्रार कार्यालयका रजिस्ट्रार दिपक दवाडीले पनि आफूले यस विषयमा अध्ययन गर्न नपाएको उल्लेख गर्दै पहिले टेलियासोनेराबाट अजियटाले सेयर किन्दा पनि कार्यलयलाई जानकारी नै नदिएको तर्क पेश गरे

सन्दर्भः वैदेशिक रोजगार


# रूसी सेनामा नेपाली

## काठमाडौंबाटै सेटिङ, भारत युएई हुँदै रूस

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाली युवालाई आकर्षक आम्दानीको प्रलोभन देखाएर 'भिजिट भिसा'मा भारत तथा युएईको बाटो प्रयोग गरी सेनामा भर्ती गराउन रुस पुर्‍याउने गरेको पाइएको छ । जिल्ला प्रहरी परिसर काठमाडौंले नेपाली नागरिकलाई रुस लैजाने गिरोहका १२ जनालाई पक्राउ गरी लिएको प्रारम्भिक बयानका आधारमा उनीहरूलाई भारत तथा यूएई हुँदै रुस पुर्‍याउने गरेको खुलासा भएको हो ।

रुसी सेनामा भर्ती भएका नेपालीको मृत्यु भएको घटनापछि उनीहरूलाई रुस पठाउने गिरोहको खोजीमा लागेको प्रहरीले महाराजगञ्ज, लैनचौर र ठमेल क्षेत्रबाट १२ जना पक्राउ गरी बुधबार सार्वजनिक गरेको छ । पक्राउ पर्नेमा उदयपुर घर भएका ४२ वर्षीय हरिबहादुर विश्वकर्मा, काठमाडौं घर भएका सन्तोष रोका, सिन्धुपाल्चोकका २३ वर्षीय मनिष न्यौपाने, काठमाडौं-१६ घर भएका रोजल महर्जन, ३१ वर्षीय क्षितिज गिरी र सिराहा घर भएका १९ वर्षीय दिपेन परियार छन् । त्यस्तै काभ्रे घर भएका सुवास लामा, चितवन घर भएका गोकर्ण अर्याल, बाराका सन्तोष नेपाल, ओखलढुंगा घर भई गोकर्णेश्वर बस्ने सुजता दाहाल, लमजुङ घर भएका ईश्वर अधिकारी र दाङको घोराही उपमहानगरपालिका घर भएका ३८ वर्षीय द्रोणा डाँगी रहेका छन् ।



प्रारम्भिक अनुसन्धान तथा सोधपुछबाट नेपाली युवालाई आकर्षक रोजगारीको प्रलोभन देखाएर रुसी सेनामा भर्ती हुन पठाउने गरेको पाइएको काठमाडौं प्रहरी प्रमुख एसएसपी भुपेन्द्र खत्रीले बताए । उनका अनुसार रुसी सेनामा भर्ती गराइदिने भन्दै गिरोहले प्रतिव्यक्ति सात लाखदेखि २० लाख रूपैयाँसम्म लिने गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ। पक्राउ गरिएको गिरोहमा दुई समूह रहेको प्रहरीले जनाएको छ। एउटा समूहको नेतृत्व सुजता दाहाल र गोकर्ण अर्यालले गरेको र अर्को समूहको नेतृत्व हरिबहादुर विश्वकर्मा र ईश्वर अधिकारीले गरेको बताइएको छ ।

नेपालमा सक्रिय गिरोहलाई रुसमा बस्ने नेपाली नागरिक शोभराज र अनुपले सहयोग गर्ने गरेको प्रहरीले उल्लेख गरेको छ । रुसबाट इन्भाइट लेटर र भिजिट भिसा उपलब्ध गराएबापत गिरोहका मुख्य सदस्य हरिबहादुर विश्वकर्माले एक हजार ८५० अमेरिकी डलर पठाउने गरेको प्रहरीले गरेको अनुसन्धानबाट खुलेको छ । त्यस्तै एसएसपी खत्रीका अनुसार 'सेटिङ र टिकेटिङ'को लागि नेपालबाट शोभराजलाई २ लाख भारतीय रूपैयाँ पठाएको अनुसन्धानबाट थाहा भएको छ। प्रहरीले नेपाली युवालाई रुसी सेनामा भर्ती हुन पठाउने गिरोहको साथबाट २७ लाख ६० हजार रूपैयाँ नगद र ४३ थान पासपोर्टसमेत बरामद गरेको जनाएको छ ।

युक्रेनसँग युद्ध लडिरहेको रुसले विदेशी नागरिकलाई पनि सेनामा भर्ती खोलेपछि विभिन्न माध्यमबाट नेपालीहरू रुस पुगेको बताइन्छ। रुसी सेनामा भर्ती भएका केही नेपालीहरूले सामाजिक सञ्जाल टिकटकमा भिडियो हालेपछि रुसी सेनामा नेपाली पनि भर्ती भएको खुलेको थियो । यसरी रुसी सेनामा भर्ती हुनेमा पूर्व प्रहरी, सेनादेखि सुरक्षागार्डका रूपमा काम गरिसकेका नेपालीहरू रहेको प्रहरीले उल्लेख गरेको छ । यद्यपि, कति नेपाली रुसी सेनमा भर्ती हुन पुगे भन्ने यकिन तथ्यांक नभएको प्रहरीले उल्लेख गरेको छ ।

रुसी सेनामा भर्ती भएका ६ जना नेपालीको मृत्यु भएपछि रुसी सेनामा रहेका नेपालीलाई फर्काइदिन सरकारले कुटनीतिक नोटसमेत पठाएको छ । रुसी सेनामा नेपालीलाई भर्ती गराउने नेपाल सरकारको नीति नभएपनि विभिन्न गिरोहमार्फत अवैध बाटो हुँदै त्यहाँ लैजाने गरेको निष्कर्ष निकाल्दै प्रहरीले यसमा संलग्नहरूको थप खोजी र अनुसन्धान जारी राख्ने बताएको छ ।




## पृष्ठ १ बाट क्रमशः

### अध्ययनबिनैको सोधपुछमा...

लगत्तै लेखा समितिको बैठक २ बजे बस्यो । लेखा समितिको बैठकमा भने एमाले सांसदहरू उपस्थित भए । बैठकको शुरुमै एमाले सांसद गोकुल बास्कोटाले सरकारलाई आफ्नो धोक्रोको मुख आफैले कस्नुपर्ने सुझाव दिए । 'आफैले जारी गरेको नीतिनियमको कुरा, सरकार र सम्बन्धित निकाय दायित्व पूरा गर्न तयार छन् कि छैन । लाभकर छल्न थलेकोबाटै हो यसले जेरी बनाउन खोजेको,' बैठकमा बास्कोटाले भने, 'पर्याप्त लाभ लिएर गइसक्यो । यो अहिले जता पनि छल्न मिल्ने कानुन छ । आफ्नो धोक्रोको मुख त आफैले कस्नु पर्‍यो ।'

लेखा समितिमा कम्पनी रजिस्ट्रार कार्यालयका रजिस्ट्रार दिपक दवाडीले यसअघि भएको सेयर किनबेचमा पनि कार्यालयसँग कुनै स्विकृति नलिएको बताए । 'यसअघि पनि अजियटाले अरुबाटै सेयर किनेको भन्ने छ । तर यसमा कम्पनी रजिस्ट्रार कार्यालयलाई कुनै जानकारी दिएको देखिएन,' आफू दुई दिन अघिमात्र रजिस्ट्रारको जिम्मेवारीमा आएको उल्लेख गर्दै उनले भने ।

#### गम्भीर विषयमा उटपट्याङ

कर छली तथा सरकारको स्वामित्व गुम्ने विषय गम्भीर हो । तर समितिमा सांसदहरूले भने उटपटाङ कुरा राखेर विषयान्तर गराउन खोजेका थिए । लेखा समितिको बैठकमा सांसद योगेश भट्टराईले एनसेल सरकारले नै किन्नुपर्ने तर्क गरे । 'खरबौं कमाउन सकिन्छ भन्नेबाट थाहा हुन्छ नेपाल लगानीका लागि उपयुक्त छ । पहिलाको पनि ३० अर्ब जति एनसेलले तिर्न बाँकी छ । पहिलो किन्ने अधिकार पनि नेपाल सरकारकै हो । हामी किनिदिउँ र एनटिसीको मोडलमा किनिदिन सकिन्छ, टाट पल्टिने अवस्था हो भने,' भट्टराईले भने । एनसेल निजी दुरसञ्चार प्रदायक कम्पनी हो । एनसेलको प्रतिस्पर्धाकै कारण अहिले नेपाल टेलिकमले पनि सेवाग्राही मैत्री सेवा प्रदान गर्दै आएको छ । अर्को कुरा एनसेल ६ वर्षपछि स्वत नेपाल सरकारको स्वामित्वमा आउने देखिन्छ । यस्तो विषयलाई सांसद भट्टराईले भने हल्का रूपमा प्रस्तुत गरी सरकारले किन्नुपर्ने धारणा राखे । उनको प्रस्तावलाई कांग्रेस सांसद अर्जुननरसिंह केसीले समर्थन गरेका थिए ।

यसैगरी स्वतन्त्र सांसद अमरेश सिंहले भने आफ्नो कनेक्सन माफियाहरूसम्मै भएको दाबी गर्दै माफियाले अब नेपाल टेलिकम कब्जा गर्ने दाबी गरे । एनसेलको सेयर किनबेच कीर्गिस्तानमा भएको र यो प्रकरणमा नेपाली व्यापारीहरू संलग्न रहेको आरोप उनले लगाए । लेखा समितिमा सांसद दीपक राजन केसीले समाचारको पछि कुदेर सांसदहरूले कुनै अध्ययन नै नगरी प्रश्न सोधेकोमा आपत्ति जनाए । यसका लागि सांसदबाट वृहत्त अध्ययन हुनुपर्ने र सम्बन्धित निकायमा जिम्मेवारपूर्ण जवाफ आउनुपर्नेमा दुबै नभएको केसीको तर्क थियो ।

#### १५ दिनभित्र कागजात बुझाउन अर्थको निर्देशन

प्रतिनिधि सभाको अर्थ समितिले एनसेलको सेयर खरिद बिक्री सम्बन्धी कागजात बुझाउन नेपाल दूरसञ्चार प्राधिकरणलाई निर्देशन दिएको छ । समितिले बुधबार प्राधिकरणका अध्यक्ष खनाललगायत अधिकारीलाई बोलाएर छलफल गरी खरिद बिक्री सम्बन्धी कागजात १५ दिनभित्र बुझाउन निर्देशन दिएको हो । जबकि प्राधिकरणलाई कुनै जानकारी नै नदिइ एनसेलको ८० प्रतिशत सेयर खरिद बिक्री भएको थियो । कानुनमा सेयर खरिद बिक्रीपूर्व प्राधिकरणको स्वीकृति लिनुपर्ने व्यवस्था छ ।

#### सेयर किनबेच स्थगित गर्न लेखाको निर्देशन

प्रतिनिधि सभाको सार्वजनिक लेखा समितिले एनसेलको सेयर बिक्री स्थगित गर्न सरकारलाई निर्देशन दिएको छ । समितिले बुधबार नेपाल दूरसञ्चार प्राधिकरण र कम्पनी रजिष्ट्रारको कार्यालयका अधिकारीलाई बोलाएर निकै कम रकममा बिक्री गरिनुमा राजस्व छलीको आशंका गर्दै सेयर बिक्री स्थगित गर्न सरकारलाई निर्देशन दिएको हो ।

समितिले एनसेलको ८० प्रतिशत सेयरको खरिद बिक्री सम्बन्धमा विस्तृतरूपमा अनुसन्धान गरी निष्कर्षमा पुग्नु पर्ने भएकाले तत्कालका लागि बिक्री सम्बन्धी कार्यलाई यथास्थितिमा राख्न र यस विषयमा ३० दिनभित्र कार्य सम्पादन गर्ने गरी तत्काल स्वतन्त्र अनुसन्धान गर्न सरकारलाई निर्देशन दिएको छ । सेयर बिक्री सम्वन्धमा भएका कामको विस्तृत विवरण र नेपालमा प्रत्यक्ष वैदेशिक लागनी जोखिमयुक्त रहेको भन्ने भनाइ सम्बन्धमा ४८ घण्टाभित्र धारणा सार्वजनिक गर्न पनि समितिले सरकारलाई निर्देशन दिएको छ ।

#### के हो एनसेलको सेयर बिक्री प्रकरण ?

स्पाइस नेपाल हुँदै मेरो मोबाइल भएको दूरसञ्चार सेवा प्रदायक कम्पनीको सेयर आजियटाले किनेसँगै एनसेलमा परिवर्तन भएको थियो । सन् २०१६ को अप्रिल १२ मा टेलिया सोनेराले ८० प्रतिशत सेयर आजियाटालाई बेचेको थियो । २० प्रतिशत सेयर भने नेपालकै सुनिभेरा क्यापिटल भेन्चरको नाममा रहेको छ ।

मलेसियन कम्पनी आजियाटाले स्विडेनको टेलियासोनेरासँग एक अर्ब ३६ करोड अमेरिकी डलर (तत्कालीन विनिमय दरअनुसार एक खर्ब ४३ अर्ब रूपैयाँ) मा ८० प्रतिशत किनेको थियो । यही सेयर आजियाटाले पाँच करोड अमेरिकी डलर अर्थात् छ अर्ब ६६ करोड रूपैयाँमा उक्त सेयर स्पेक्ट्रलाइट युके लिमिटेडलाई बेच्ने निर्णय गरेको हो । यो सम्झौता बाहिरिएसँगै एनसेल सेयर विवाद चर्किएको हो । यो कारोबारको कानुनी प्रक्रियाको वैधता र आर्थिक पादर्शितामाथि गम्भीर प्रश्न उब्जिएका छन् ।

### अपराधसंहिता संशोधन...

सहमति हुँदा तत्कालीन नेकपा अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकार थियो । २९ असार २०७८ देखि १० पुस २०७९ अघिसम्म गठबन्धनबाट कांग्रेस सभापति शेरबहादुर देउवा नेतृत्वको सरकार बन्यो । १० पुसपछि भने एमाले, रास्वपा र राप्रपालगायत दलको समर्थनमा र अहिले भने कांग्रेस, जसपा, नेकपा एकीकृत समाजवादीलगायत दलको समर्थनमा माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकार छ ।

यसरी करिब तीन वर्षको अवधिमा पटकपटक सरकार बन्ने क्रम चल्यो तर नेकपासँग भएको सहमतिको तेस्रो बुँदाको कार्यान्वयन भएकै छैन । देशभरका अदालतहरूमा अहिले पनि नेकपा नेता कार्यकर्ताहरू प्रतिवादी भएको मुद्दैमुद्दा छन् । राज्यविरुद्धको कसूर, विस्फोटक पदार्थ, हातहतियार तथा खरखजना, कर्तव्य ज्यानदेखि सार्वजनिक सम्पतिमा क्षतिलगायतका मुद्दा छन् ।

तर, कति नेता कार्यकर्तामाथि मुद्दा छ भन्ने यकिन तथ्याङ्क न गृह मन्त्रालयसँग छ नेकपासँग नै ।

नेकपाका पोलिटब्युरो सदस्य चिरन पुनका अनुसार देशभरका अदालतहरूमा आफ्ना पार्टीका नेता कार्यकर्तामाथि तीन हजार बढी मुद्दा विचाराधीन छन् । जिल्ला प्रशासन कार्यालयहरूमा सार्वजनिक मुद्दा त्यसभन्दा बढी छन् । अझै केही नेता कार्यकर्ता थुनामै छन् ।

उसो त तीन बुँदे सहमतिअनुसार आफ्ना पक्राउ परेका नेता कार्यकर्ताको रिहाइदेखि दायर भएका मुद्दा खारेजीका लागि ओली, देउवा, दाहाललगायत नेतासँग भेट गरेर चन्दले पटकपटक आग्रह नगरेका होइनन् । तर, मुलुकी फौजदारी कार्यविधि संहिता संशोधन गरेर मुद्दाहरू अझैसम्म खारेज भएका छैनन् । यसले गर्दा कानुनी झमेलामा फस्ने चिन्ता चन्द र उनका दलका नेता कार्यकर्ताहरूको छ ।

नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता डीआइजी कुबेर कडायत स्वयं उपस्थित अदालतमा नभए नियन्त्रणमा लिएर अदालतमा बुझाउने बताउँछन् । अहिले भने जो-जो नेतालाई अदालतमा उपस्थित हुन भनिएको छ, उनीहरू आफैं अदालत जाने विश्वास रहेको उनले बताए । 'अदालतले ३५ दिनको समय दिएको हो । समय अझै छ । उहाँहरू आफैं अदालत जानुहुन्छ होला', कडायतले भने, 'तर, जानुभएन भने नियन्त्रणमा लिएर बुझाउँछौं ।' यसअघि चन्दले प्रधानमन्त्री दाहाल, कांग्रेस सभापति देउवा, विपक्षी दलका नेता ओलीसँग भेटवार्ता गरेका थिए । तर, मुलुकी अपराध ऐन संशोधन गर्न सरकार गरेको ढिलासूस्तीले चन्दसँगै नेकपाका नेता कार्यकर्ता आपतमा पर्ने देखिएका हुन् ।


**बिमालेख हराएको सूचना**

मिति २०८०/०६/०२ गते पोखरादेखि काठमाडौं आउने क्रममा मेरो नाममा रहेको लाइफ इन्स्युरेन्स कर्पोरेसन (नेपाल) लि.को जिवन बिमालेख हराएकोले फेला पार्नुहुने महानुभावले निम्न फोन नं.मा सम्पर्क गर्नुहुन वा नजिकको प्रहरी कार्यालयमा बुझाईदिनुहुन विनम्र अनुरोध गर्दछु ।

**नामः राम भक्त घिमिरे**
**बिमालेख नं.:** १३००५०६८०
लाइफ इन्स्युरेन्स कर्पोरेसन (नेपाल) लि.
**सम्पर्क नं.:** ९८४६५६३७३८


## खाणको मुद्दा मंसिर २८ गते सुनुवाई

**काठमाडौं–** उच्च अदालत पाटनमा नक्कली भुटानी शरणार्थी प्रकरणमा पुर्पक्षका लागि थुनामा रहेका पूर्वमन्त्री बालकृष्ण खाणको निवेदनमाथि यही मंसिर २८ गते सुनुवाइ हुने भएको छ । उक्त अदालतका न्यायाधीशद्वय प्रकाश खरेल र जनक पाण्डेको संयुक्त इजलासमा यही मंसिर १५ गते राय बाँझी निर्णय सुनाएपछि उक्त विवादलाई तेस्रो न्यायाधीशसमक्ष पेश गरी सुनुवाइ गर्ने तय भएको थियो ।

न्यायाधीश पाण्डेले थुनामा पठाउने जिल्ला अदालत काठमाडौंको आदेश बदर गरी र ३० लाख रूपैयाँ धरौटीमा छाड्ने राय दिएका थिए भने न्यायाधीश खरेलले धरौटीमा छाड्न नमिल्ने राय दिएका थिए ।

उच्च अदालत पाटनका प्रवक्ता तीर्थराज भट्टराईका अनुसार पूर्वमन्त्री खाणको मुद्दामा दुई न्यायाधीशको राय बाँझिएपछि निवेदन तेस्रो न्यायाधीशको इजलासमा पठाउने आदेशअनुसार यही मंसिर २८ गते एकल इजलासमा सुनुवाइ गर्ने तय भएको छ । अदालतले उक्त विवादमा नौजना प्रतिवादीको हकमा थुनामा पठाउने काठमाडौं जिल्ला अदालतको आदेशलाई सदर गरेको थियो भने छ जना प्रतिवादीको हकमा थुनामै राख्ने काठमाडौं जिल्ला अदालतको आदेश बदर गरी धरौटी माग गर्ने आदेश दिएको थियो । त्यसैगरी, लक्ष्मी महर्जन, आशिष बुढाथोकी, टंककुमार गुरुङ र केशव तुलाधरलाई साधारण तारेखमै थुनामुक्त गर्ने आदेश गरेको थियो । *रासस*

## महानगरका औषधी पसललाई मापदण्डमा आउन निर्देशन

**काठमाडौं–** काठमाडौं महानगरपालिकाले नगरभित्र सञ्चालनमा रहेका धेरै औषधि पसल मापदण्ड विपरीत रञ्चालमा रहेको जनाउँदै ती पसललाई मापदण्डमा आउन १० दिनको समय दिएको छ । कामपा स्वास्थ्य विभागले बुधबार सार्वजनिक सूचना जारी गर्दै उक्त समय दिएको हो । 'अनधिकृत व्यक्तिबाट औषधि बिक्री वितरण भइरहेको, औषधि व्यवस्था विभागमा दर्ता नभएका औषधिसमेत बिक्री वितरण भइरहेको, चिकित्सकको 'प्रेस्किप्सन'बिना औषधि बिक्री वितरण भइरहेको पाइएकाले आगामी दश दिनभित्रमा सबै औषधिपसललाई मापदण्डमा आउन निर्देशन गरिएको छ,' विभागद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।

तोकिएको समयसीमापछि पनि 'यस्ता लापरबाही देखिए, भेटिए वा सुधारको संकेत देखिएन भने गलत गर्नेलाई ऐनले दिएको अधिकार प्रयोग गर्दै औषधि पसल बन्द गर्नेसम्मको कारबाही गर्ने कामपा स्वास्थ्य विभागका प्रमुख रामप्रसाद पौडेलले बताए ।

विभागले औषधि पसलको अनुगमन गर्दा संवेदनशील प्रकारका त्रुटी देखिएका छन् । स्वास्थ्य विभागका प्रमुख पौडेल भने, 'अभिलेख नराख्ने, महानगरपालिकाको स्वास्थ्य विभागबाट इजाजत नलिने, गुड फार्मेसी प्राक्टिस (जिपिपी) अनुसार औषधि पसल व्यवस्थापन नगर्ने आम समस्या हुन् ।'


### अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस **Panchasorna Group Pvt. Ltd.** कम्पनीले **CHINA** बाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य **(MRP)** निम्न बमोजिम भएको ब्यहोरा सर्वसाधारण जानकारीको लागि प्रकाशन गरिएको छ ।

| सि.नं. | मालबस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पतिको मुलुक राष्ट्र | ईकाई | इकाई प्रति मुल्य | प्रति ईकाई अधिकतम खुद्रा बिक्री मुल्य–MRP | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | RANGEHOOD CHIMNEY | N/A | PANCHAFRESH | PS82-23Y01 | N/A | CHINA | PCS | 6,800.00 | 7,680.00 | |
| 2 | RANGEHOOD CHIMNEY | N/A | PANCHAFRESH | PS82-23Y03 | N/A | CHINA | PCS | 6,890.00 | 7,780.00 | |

**बिक्रेता फर्मको नाम :** Panchasorna Group Pvt. Ltd. **ठेगाना :** Pepsikola-32, Kathmandu, Nepal **स्थायी लेखा नं. :** 606749170 **फोन नं. :** 9801171012



### अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस **Panchasorna Group Pvt. Ltd.** कम्पनीले **CHINA** बाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य **(MRP)** निम्न बमोजिम भएको ब्यहोरा सर्वसाधारण जानकारीको लागि प्रकाशन गरिएको छ ।

| सि.नं. | मालबस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पतिको मुलुक राष्ट्र | ईकाई | इकाई प्रति मुल्य | प्रति ईकाई अधिकतम खुद्रा बिक्री मुल्य–MRP | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | RANGEHOOD CHIMNEY | N/A | BOSS | NP133 90CM MATT BLACK | N/A | CHINA | PCS | 18,650.00 | 20,750.00 | |
| 2 | RANGEHOOD CHIMNEY | N/A | BOSS | NP118 90CM MATT BLACK | N/A | CHINA | PCS | 13,450.00 | 15,050.00 | |
| 3 | RANGEHOOD CHIMNEY | N/A | BOSS | NP134 75CM MATT BLACK | N/A | CHINA | PCS | 12,500.00 | 14,000.00 | |
| 4 | RANGEHOOD CHIMNEY | N/A | BOSS | NP132 90CM MATT BLACK | N/A | CHINA | PCS | 18,900.00 | 21,000.00 | |

**बिक्रेता फर्मको नाम :** Panchasorna Group Pvt. Ltd.
**ठेगाना :** Pepsikola-32, Kathmandu, Nepal
**स्थायी लेखा नं. :** 606749170
**फोन नं. :** 9801171012



# Lungri Rural Municipality

## Office of Rural Municipal Executive

**Badachaur, Rolpa**

**Lumbini Province, Nepal**

## Invitations for E-bids

**Invitation for National Competitive Bidding for the Medicine Purchase work on the following Project**

**Date of Publication: 2078/08/21**

1. Office of Lungri Rural Municipality, Badachaur, Rolpa, invites electronic bids from eligible bidders for the Purchase of following Project for, under National Competitive Bidding Procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Lungri Rural Municipality, Badachaur, Rolpa Nepal or may visit PPMO www. bolpatra.gov.np/egp
3. Information to deposit the cost of bidding documents in Bank:

| | | |
|---|---|---|
| Name of the Bank | : | **Nepal Bank Ltd.Rolpa** |
| Name of the Office | : | **Office of Lungri Rural Municipality** |
| Office Code No | : | **801055407** |
| Office Account No | : | **26603000003000000001(For deposit Purpose)** |
| Aantarik Rajasowa Account No | : | **26603000001001000001 (For docu-ment fee)** |

4. Electronic bids must be submitted to the office of Lungri Rural Munici-pality, Badachaur, Rolpa, Nepal through PPMO website www.bolpatra.gov.np on or before **2080/09/22 12:00 PM** Bids received after this deadline well be rejected.
5. The bids will be opened in the presence of Bidders representative who choose to attend at **2080/09/22 1:00 PM** at the office of Lungri Rural Munic-ipality, Badachaur, Rolpa. Bids must be valid for a period of 90 days after bids opening and must be accompanied by a bid security.
6. If the last date of purchasing and or submission fall on a govern-ment holiday then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**



**Ramechhap Municipality**

## Office of the Municipal Executive

**Ramechhap Bazar, Ramechhap**

**Bagamati Pradesh, Nepal**

## Invitation for Bids

**Date of First Publication: 2080/08/21**

1. Ramechhap Municipality invites electronics bids from eligible bidders under the following contracts under National Competitive Bidding–Single Stage single Envelope Bidding procedures specified in Public Procurement Act and Regulations.

| Contract ID no. | Description of Works/ Bid Type | Estimated amount (Without VAT and Contingencies) in NRs | Minimum Bid Security Amount in NRs/ Validity Period | Cost for bid documents in NRs |
|---|---|---|---|---|
| RM/ 08/080-81 | Upgrading Hilepani Chambot Chyasku Kolanjorghat road. | 1,53,01,305.02 | Nrs. 3,80,000 120 days | NRs. 3,000 |

2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Ramechhap Municipality. Website: www.ramechhapmun.gov.np & Phone No. 048-400012/16.
3. A complete set of bid document for bidder to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Office account as specified below .
   **Name of the Bank:** Rastiya Banijya Bank, Office Account no: 1020100301010002(For Bid Document)
   Office Account no : 1020100303000002 (For Bid Security deposit).
4. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 noon on 2080-09-22 along with copy of voucher of bid security deposit. Bids received after this deadline will be rejected. And the bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 hrs on 2080-09-22 at the office.

**Chief Administrative Officer**



**सुदूरपश्चिम प्रदेश सरकार**
**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय**
**उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**घरेलु तथा साना उद्योग कार्यालय**
**धनगढी कैलाली**

## बोलपत्रको आशय पत्र सम्बन्धी सूचना

**प्रकाशित मितिः २०८०/०८/२१**

यस घरेलु तथा साना उद्योग कार्यालय धनगढी कैलालीको आ.व. २०८०/०८१ अन्तर्गत तपसिल बमोजिमको निर्माण कार्यका लागि मिति २०८०/०६/२६ गतेको मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिन आएको बोलपत्र स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम सम्बन्धित सबै फर्मको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

| ठेक्का नं. | कामको विवरण | फर्म/कम्पनी | कबोल रकम |
|---|---|---|---|
| 01/DCSI/2080/081 | Construction of Office Building for Office of Cottage and Small Industries | श्री सिद्धी निर्माण सेवा धनगढी, कैलाली | रु. ६५,०५,१८३/८२ मु.अ.क. बाहेक |

**उद्योग अधिकृत**

# ‘नहुने भो राजा र रानीको भेट’

**धनकुटा–** ‘अब राजा र रानीको भेट हुने सम्भावना टरेर गयो’, धनकुटाको चौबिसे गाउँपालिकाका अध्यक्ष राजकुमार लिम्बूले भने, ‘पहिला उचित पहल नभएकाले अब जोड्न सम्भव छैन ।’ धनकुटाको पर्यटकीय गन्तव्य भन्नेबित्तिकै राजारानीमा रहेको राजारानी ताल पहिलो पङ्क्तिमा नाम आउँछ ।

यही प्रसिद्धिका कारण साबिक राजारानी गाउँपालिकाको नाम स्थानीय भाषामा मावरक/पावरक भनिने राजारानी तालबाट रहन गएको हो । हाल चौबिसे गाउँपालिका–६ मा रहेको यस स्थानका कारण अझै पनि मानिसहरू चौबिसे जानेभन्दा पनि राजारानी जाने भन्ने गरेका लिम्बूको भनाइ थियो । वडास्थित राजारानी बजारको पूर्व–पश्चिम र दक्षिण, तीनतिर अंग्रेजी अक्षर ‘भी’ आकारमा फैलिएर रहेको क्षेत्रको रानी तालमात्र हालसम्म आंशिक संरक्षण गरिएको छ ।

निजी स्वामित्वलाई सहकारीमा परिणत गरेर हाल पूर्वी किनारमा संरक्षित रानी तालमा विभिन्न संरचना निर्माणसँगै फिसिङ, बोटिङ र मोटरबोट सञ्चालनमा रहेका अध्यक्ष लिम्बूले जानकारी दिए । उनका अनुसार निजी स्वामित्वमै रहे पनि रानी तालको पश्चिममा अवस्थित राजा ताल क्षेत्र भने समन्वय र संरक्षणको पर्खाईमा छ ।

पछिल्लो समय स्थानीय तह विभाजनसँगै थप बजार विस्तार भएकाले ताल संरक्षणमा कठिन भएको लिम्बूको भनाइ थियो । बजारको जनघनत्व विस्तारसँगै राजा तालको बीच भागबाट भेडेटार–रवि–राँके राजमार्गको विस्तारले अब राजा र रानी ताल जोड्ने सम्भावना नरहेको उनले जानकारी दिए ।

‘करिब पाँच सय रोपनीभन्दा बढी क्षेत्रफलमा फैलिएको राजारानी तालमध्ये एक सय २० रोपनीमा रानी ताल मात्र संरक्षित छ । दुवै तालको दक्षिणतर्फ रहेको गल्छीमा बाँध बाँध्न सके यहाँ विशाल ताल बन्छ’, लिम्बूले भने, ‘यहाँका केही व्यक्तिहरूसँग ताल निर्माणमा सहमति हुन नसकेपछि यसको सम्भावना ज्यादै न्यून रहेको छ ।’

केही व्यक्तिहरूले जमिन उपलब्ध गराउने सहमति गरेकाले राजातालको आंशिक संरक्षणका लागि प्रारम्भिक सर्भेक्षण गरिएको उनले जानकारी दिए । लिम्बूका अनुसार यो ताल रानी तालभन्दा ठूलो हुनेछ । पूर्णरूपमा ताल निर्माण गरी संरक्षण गर्न सके पूर्वी नेपालकै एक अद्भुत जल पर्यटनको गन्तव्य हुने उनको भनाइ थियो ।

पूर्णरूपमा निर्माण गर्न सके एक किलोमिटरभन्दा लामो अंग्रेजी अक्षर ‘भी’ आकारको ताल बन्ने स्थानीय जीवन कटुवालले बताए । काललाई पूर्ण रूपमा संरक्षण गर्न निकै ढिलो भइसकेको उनको भनाइ थियो । देशको पुनःसंरचनासँगै सडक सञ्जाल लगायत अन्य सेवासुविधाका कारण ताल संरक्षणमा कसैको चासो नदेखिएको उनले बताए ।

‘जमिनको मूल्य वृद्धि हुनुका साथै ताल व्यक्तिगत जमिनमा भएकाले पनि केही समस्या भइरहेको हो । पहिलाको प्रयोगविहीन र मूल्यहीन जस्तै रहेकामा अहिले मूल्य बढेको छ’, कटुवालले भने, ‘मूल्य कम हुँदाको समयमा संरक्षण नथालिएकाले अब पूर्ण आकारको ताल निर्माणको सम्भावना टरेको छ ।’ डेढ दशकअघि रानीताल संरक्षणपछि राजा काललाई पनि संरक्षण गरेर विशाल राजारानी ताल बनाउन पटक–पटक पहल गरे पनि असफल भएको मावरक रानीताल संरक्षण समितिका कोषाध्यक्ष काजीमान लिम्बूले बताए । उनले केही व्यक्तिहरूसँग ताल निर्माणपछि बाँडफाँड तथा लाभका विषयमा सहमति हुन नसक्दा निर्माणमा समस्या आएको उनको भनाइ थियो ।

राजा तालमा आफ्नो सात रोपनीभन्दा बढी जमिन रहेको जनाउँदै स्थानीय मणि चेम्जोङले ताल निर्माणमा पर्याप्त बजेटसहितको योजना नआएकाले निर्माणमा सहमति हुन नसकेको जानकारी दिए । ‘पालिकाले १० लाख र २० लाखको क्रमागत योजना लिएर आउँछ’, उनले भने, ‘यस्तो योजनाले यहाँका घर/जमिनको संरक्षण र सुरक्षा हुन्न ।’ कम बजेटका कारण क्षति र जोखिम बढी देखिएकाले स्थानीयहरूले पूर्णआकारको ताल निर्माणमा सहमति जनाउन नसकेका उनको भनाइ थियो ।


## कम्पनीको नाम परिर्वतन भएको सूचना

**तेस्रो पटक प्रकाशित मिति : २०८०/०८/२१**

साविक **पेमा कन्स्ट्रसन एण्ड ढुवानी सेवा प्रा.लि.**को मिति २०७९।०४।१३ को एकल शेयरधनीको विशेष बैठक निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पुर्ण चलअचल सम्पत्ति तथा तिर्नु ब्यहोर्नु पर्ने कर दायीत्व आदी परिवर्तित नाम **फागोलङ्ग निर्माण सेवा प्रा.लि.**ले सकार्ने ब्यहोर्ने शर्तमा कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०७९।०४।१८ मा प्राप्त पत्रबाट निर्देशन भए अनुसार सम्वन्धित सवैको जानकारीको लागि सूचित गरिन्छ ।

**फागोलुङ्ग निर्माण सेवा प्रा.लि. (प्रा.लि.नं. २६४७८२)**
**ताप्लेजुङ्ग, मौवाखोला–३**

## काठ/दाउरा बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति: २०८०/०८/२१**

यस बालकुमारी सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट आ.व.२०७८/०७९ मा उत्पादन भई घाटगद्दीमा मौज्दात रहेको असना जातको बिभिन्न ग्रेडको गोलिया थान ६ को १२६.५८ घ.फि., बृक्षारोपण सिसौ जातको बिभिन्न ग्रेडको गोलिया थान २९ को ७४.०७ घ.फि., खयर जातको गोलिया थान ३६४ को ३८५.८१ घ.फि. गोलिया काठ तथा साल, सिसौ लगायत जातको मिश्रीत १.५० चट्टा दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ । काठ, दाउरामा आधारित उद्योग संचालन गर्न अनुमति प्राप्त गरी संचालनमा रहेका तथा डिभिजन वन कार्यालयमा सुचिकृत भएका उद्योगहरूले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको १२:०० बजे भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीका लागि यस समूहमा सम्पर्क राख्नुहुन जानकारी गराईन्छ । पूर्ण व्यहोराको सूचना यस समुहको सूचना पाटीमा टांस गरिएको छ ।

**श्री बालकुमारी सामुदायिक वन उपभोक्ता समूह**
**मधुवन नगरपालिका–३ बिपतपुर बर्दिया**

## काठ/दाउरा बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति: २०८०/०८/२१**

यस सोनाहाफाँटा सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट आ.व.२०७८/०७९ मा उत्पादन भई घाटगद्दीमा मौज्दात रहेको खयर जातको गोलिया थान १८५ को ४९९.८१ घ.फि. गोलिया काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानू पर्ने गरी लिलाम बिक्री गर्नूपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ । काठ, दाउरामा आधारित उद्योग संचालन गर्न अनुमति प्राप्त गरी संचालनमा रहेका तथा डिभिजन वन कार्यालयमा सुचिकृत भएका उद्योगहरूले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको १२:०० बजे भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीका लागी यस समूहमा सम्पर्क राख्नुहुन जानकारी गराइन्छ । पूर्ण व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टांस गरिएको छ ।

**श्री सोनाहाफाँटा सामुदायिक वन उपभोक्ता समूह**
**मधुवन नगरपालिका–२ सोनाहा बर्दिया**



# CUREX PHARMACEUTICALS.PVT.LTD.

( A WHO-GMP,ISO 9001:2008 & 14001:2004 Certified Company)

**यस क्युरेक्स फर्मास्युटिकल्स प्रा. लि. बाट उत्पादित औषधिहरूको निम्नानुसारको बजार दररेट तथा बिक्री मूल्य निर्धारण गरि यो दररेट राष्ट्रिय स्तरको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको छ, यदि यी औषधीहरू कुनै संघ संस्था वा नेपाल सरकार अन्तर्गतका कार्यालयले खरिद गर्नु परेमा यस कम्पनीका आधिकारीक बिक्रेता श्री इस्माइल मेडिसिन सप्लायर्स मु. अ. कर. नं: ६०३०६६९९७ भएका घट्टेकुलो, काटमाडौंसँग खरिद गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।**

## CUREX PHARMACEUTICAL’S PRODUCT RATE LIST (FY: 2080-2081)

| SN | Generic Name | MRP |
|---|---|---|
| 1 | Acyclovir 200 | 10 |
| 2 | Acyclovir 400 | 20 |
| 3 | Acyclovir 5g Cream | 80 |
| 4 | Albendazole 400 | 10 |
| 5 | Albendazole Susp | 18 |
| 6 | Alprazolam 0.25mg | 1.7 |
| 7 | Alprazolam 0.50mg | 3.4 |
| 8 | AmitriptyTine 10mg | 2.4 |
| 9 | Amitriptyline 25mg | 3.8 |
| 10 | Amlodipine + Losartan pottassium L 27.5mg | 6 |
| 11 | Amlodipine + Losartan pottassium L 55mg | 12 |
| 12 | Amlodipine 10 | 8 |
| 13 | Amlodipine Smg | 5 |
| 14 | Amlodipine2.5mg | 2.3 |
| 15 | Amoxycillin + Cloxacillin 500mg cap | 12 |
| 16 | Amoxycillin + Cloxacillin Dry Syrup | 120 |
| 17 | Amoxycillin + Cloxacillin Kid Tab | 7 |
| 18 | Amoxycillin 125mg | 3 |
| 19 | Amoxycillin 250mg | 5 |
| 20 | Amoxycillin 500mg | 8 |
| 21 | Amoxycillin 60ml Dry syrup | 80 |
| 22 | Amoxycillin 90ml Dry syrup | 110 |
| 23 | Ampicillin+CloxaciIlin 500mg cap | 12 |
| 24 | Anticold Susp | 60 |
| 25 | Antacid Gel | 110 |
| 26 | Antacid Tab | 3 |
| 27 | Anticold Tab | 3 |
| 28 | Atenolol 100 | 6 |
| 29 | Atenolol 25 | 2.2 |
| 30 | Atenolol 50 | 4 |
| 31 | Atorvastatin 10mg | 10.78 |
| 32 | Atorvastatin 20mg | 20.6 |
| 33 | Atorvastatin 5mg | 6.75 |
| 34 | Azithromycin 100mg Susp | 110 |
| 35 | Azithromycin 200mg Susp | 160 |
| 36 | Azithromycin 250m9 | 17 .45 |
| 37 | Azithromycin 500m9 | 30 |
| 38 | Benzoic acid + Salicyclic acid 309 | 65 |
| 39 | Calamine 100m1 | 110 |
| 40 | Calamine 30ml | 40 |
| 41 | Calcium 500m9 Tab | 6 |
| 42 | Calcium Susp | 100 |
| 43 | Cefixime 100mg | 15 |
| 44 | Cefixime 200mg | 20 |
| 45 | Cefixime 400m9 | 50 |
| 46 | Cefixime 60ml Syrup | 180 |
| 47 | Cefpodoxime 100m9 | 12 |
| 48 | Cefpodoxime 200mg | 15 |
| 49 | Cefpodoxime 60ml Syrup | 170 |
| 50 | Cetrizine HCL l0mgTab | 4 |
| 51 | Cetrizine HCL 10mg susp | 55 |
| 52 | Chloramphenicol 500 Cap | 14 |
| 53 | Chloram phenicol Syrup | 100 |
| 54 | Chlorphenira mine Mleate 4mg | 1.5 |
| 55 | Chlorzoxazone 250 mg & Paracetamol Tabs 500mg | 6 |
| 56 | Chlorzoxazone 500 & Paracetamol Tabs 500 mg | 8.8 |
| 57 | Ciprofloxacin 250mg | 6 |
| 58 | Ciprofloxacin 500mg | 8 |
| 59 | Clotrimazole Cream 159 Tube | 55 |
| 60 | Clotrimazole Pressa ry Tab | 11 |
| 61 | Clotrimazole Vaginal Gel | 80 |
| 62 | Cloxaclllin Sodium 250mg | 5 |
| 63 | Cloxacillin Sodium 500m9 | 13 |
| 64 | Cloxacillin Sodium Dry Syrup | 130 |
| 65 | Diclofenac 30gm Gel | 100 |
| 66 | Diclofenac 50mg Tab | 4 |
| 67 | Diclofenac Mouth Wash 100ml | 110 |
| 68 | Domperidone 10mg Tab | 5 |
| 69 | Domperidone Susp | 50 |
| 70 | Esomeprazole 20Mg | 5 |
| 71 | Esomeprazole 40Mg | 10 |
| 72 | Ferrous Salt + Folic acid (Iron) Tab | 3 |
| 73 | Fexofenadine 120 | 11 |
| 74 | Fexofenadine 180 | 16 |
| 75 | Fexofenadine Susp | 150 |
| 76 | Fluconazole 150mg | 25 |
| 77 | Folic acid Smg Tab | 2.25 |
| 78 | Frusmide 40mg | 1.5 |
| 79 | Gamma Benzene Hexachloride 60mI | 75 |
| 80 | Glimepiride 1mg | 5.3 |
| 81 | Hand Sanitizer Gel 100 | 75 |
| 82 | Hand Sanitizer Gel 200 | 140 |
| 83 | Hand Sanitizer Gel S Ltr | 3500 |
| 84 | Hand Sanitizer Gel 500 | 300 |
| 85 | Hand Sanitizer Liquid 100mI | 70 |
| 86 | Hand Sanitizer Liquid 200mI | 125 |
| 87 | Hand Sanitizer Liquid S Ltr | 3000 |
| 88 | Hand Sanitizer Liquid 500ml | 250 |
| 89 | Hyoscine Butyl Bromide 10mg | 12 |
| 90 | Hyoscine Butyl Bromide 20mg | 28 |
| 91 | Ibuprofen 200mG | 2 |
| 92 | Ibuprofen 400mG | 4 |
| 93 | Iron (III) hydroxide polymaltose & Folic Acid Tablets IP | 8 |
| 94 | Iron (III) hydroxide polymaltose Syrup IP | 140 |
| 95 | Iron Cap | 4.5 |
| 96 | Iron Syrup 200mI | 120 |
| 97 | Itraconazole | 40 |
| 98 | Levocetrizine Susp | 65 |
| 99 | Levocetrizine Tab | 6 |
| 100 | Losanan Potassium 25 | 4.41 |
| 101 | Losartan Potassium 50 | 7.6 |
| 102 | Metformin 500mg | 2 |
| 103 | Metronidazole 200mg | 2 |
| 104 | Metronidazole 400mg | 3 |
| 105 | Metronidazole 60ml Susp | 60 |
| 106 | Multivatimine Cap | 4 |
| 107 | NimesuJide Gel | 90 |
| 108 | Nimesulide Tab | 3 |
| 109 | Ofloxacin 100 | 5.5 |
| 110 | Ofloxacin 200 | 7 |
| 111 | Ofloxacin 400 | 8 |
| 112 | Ofloxacin Susp | 90 |
| 113 | Omeparazole 20mg | 6 |
| 114 | Ondasteron 4mg | 7 |
| 115 | Ondasteron 8mg | 10 |
| 116 | Ondasteron Susp | 70 |
| 117 | ORS | 10 |
| 118 | Pantaparazole 40mg Tab | 8 |
| 119 | Paraceamol 125 60mI Susp | 30 |
| 120 | Paraceamol 500mg | 1 |
| 121 | Paraceamol Drop | 30 |
| 122 | Paracetamol & Caffein Tablets 525 mg | 2.5 |
| 123 | Paracetamol & Ibuprofen suspension | 30 |
| 124 | Paracetamol & lbuprofen tablets | 2 |
| 125 | Povidone lodine 10% 100mI | 170 |
| 126 | Povidone lodine 10P• 30mI | 70 |
| 127 | Povidone lodine 10% 450mI | 450 |
| 128 | Povidone lodine 10% 60mI | 100 |
| 129 | Povidone lodine 5% 100mI | 100 |
| 130 | Povidone lodine 5% 15gm Oint | 50 |
| 131 | Povidone lodine 5% 30mI | 45 |
| 132 | Povidone lodine 5% 450ml | 275 |
| 133 | Povine Gargle 100 ml | 100 |
| 134 | Povine Gargle 60 ml | 60 |
| 13S | Pregabalin 150 | 34.5 |
| 136 | Pregabalin 75 | 16.5 |
| 137 | Pregabilin -75, Methylcobalamine 1500 | 33 |
| 138 | Pregabiiin -75, Methylcobalamine 750 | 22 |
| 139 | Ranitidine HCL 150Mg | 3 |
| 140 | Ranitidine HCL 300Mg | 8 |
| 141 | Rosuvastaine 10 | 11 |
| 142 | Rosuvastaine 20 | 17 |
| 143 | Salbuamol 4mg Tab | 2 |
| 144 | Salbutamol 100mI Syrup | 85 |
| 145 | Silver Sulphadiazine Cream 15gm | 7S |
| 146 | Sulpha + Trimeh 120mg | 3 |
| 147 | Sulpha + Trimeh 480mg | 4 |
| 148 | Sulpha + Trimeh 960mg | 6 |
| 149 | Sulpha + Trimeh Susp | 70 |
| 150 | TinidazoJe 1000 | 11 |
| 151 | Tinidazole 500 | 5 |
| 152 | Vitamin B Complex 100mI Syrup | 90 |
| 153 | Vitamin B Complex 200ml Syrup | 150 |
| 154 | Vitamin B Complex Tab | 5 |
| 155 | Vitamin B Complex With Zinc Cap | 6 |
| 156 | Vitamin C | 6 |
| 157 | Zinc 20mg Tab | 5 |
| 158 | Metformin Hydrochloride 850mg | 3.5 |
| 159 | Navi Malam 3gm | 30 |
| 160 | Navi Malam Sgm | 35 |
| 161 | Betamethasone + Gentamicin ointment 15 gm | 60 |

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# ठुलालाई पनि ऐन

**क्रुर जातीय हिंसा मानिएको रुकुम पश्चिमको चौरजहारी–८ को सोती घटनाका आरोपीहरू दोषी ठहरिएपछि पीडितहरूले बुधबार अदालतमा फूल चढाए । न्यायको पवित्र मन्दिरको रूपमा अर्थ्याउँदै उनीहरूले अदालतमा फूल चढाएका हुन् । फूल चढाउँदा अदालतप्रति श्रद्धा र भक्तिभाव दुवै प्रकट भएको छ । यसले अदालतप्रतिको जनआस्था र न्याय पाउने जनविश्वास अभिवृद्धिमा समेत टेवा पुगेको छ ।**

**नवराज विकसहित ६ जनाको हत्या र जातीय छुवाछूत मुद्दामा नेपालको इतिहासमै सर्वाधिक २४ जनालाई मंगलबार रुकुम पश्चिम अदालतले जन्मकैदको फैसला भएको थियो । यतिधेरै संख्याका प्रतिवादीलाई हत्या र जातीय छुवाछूतमा दोषी ठहऱ्याएको पहिलो पटक हो । नवराजकी प्रेमिका र उनकी आमालाई पनि जातीय छुवाछूतसम्बन्धी मुद्दामा अदालतले दोषी ठहऱ्याएको थियो ।**

**सुरुमा न्याय त न्याय नपाइने हुन् कि भन्ने आशंका कतिपय पीडितहरूको थियो । 'सानालाई ऐन, ठुलालाई चैन,' नेपाली जनबोलीमा चर्चित अहान झैं उनीहरू शंकित थिए । जसविरुद्ध अन्ततः अदालतले न्यायिक इतिहासमै सर्वाधिक प्रतिवादीलाई एउटै मुद्दामा दोषी ठहऱ्यायो । यसलाई 'छोरा मरेको तर न्याय नमरेको' अर्थमा पीडितहरूका परिवारले लिए । तर, उनीहरूमा एउटा शंका चाहिँ पक्का छ । त्यो के हो भने माथिल्लो तहको अदालत (उच्च हुँदै सर्वोच्च)मा एकपछि अर्का प्रतिवादीहरू पुग्ने र फैसला उल्टिने त होइनन् ? शंका छ ।**

**१० जेठ २०७७ मा जाजरकोटको भेरी नगरपालिका–४ रानागाउँका २१ वर्षीय नवराज विक आफ्ना साथीहरू लिएर मल्ल थरकी प्रेमिकालाई भगाएर बिहे गर्न सोतीगाउँ पुगेका थिए । गाउँलेहरूले योजनाबद्ध आक्रमण गर्दा नवराजसहित सन्दीप विश्वकर्मा, टीकाराम सुनार, गणेश बुढा, लोकेन्द्र सुनार र गोविन्द शाहीको ज्यान गएको थियो । उनीहरूको शव भेरी नदीमा फेला परेको थियो । १२ जना घाइते भएका थिए ।**

**सिमान्तकृत समुदायका पीडितहरूले न्याय पाउनेमा अन्तर्राष्ट्रिय समुदाय पनि शंकित थियो । उनीहरूले नेपालमा दण्डहीनता मौलाउँदो रहेकाले न्यायालयमाथि घुमाउरो शैलीमा दबाब दिएका थिए । तर, अदालतबाट प्रतिवादीहरू दोषी ठहरिए नै । उनीहरूको संलग्नतामा भएको घटनालाई अझैसम्म जातीय नरसंहारको रूपमा पनि लिने गरिन्छ । जे होस्, पीडितहरूले न्याय पाए । यो कथित साना जातिका पीडितहरूले हासिल गरेको ठूलो न्यायिक जित हो । यसले कानुनी राजको वातावरणमा टेवा पुऱ्याउने छ ।**

## मननयोग्य

### चाणक्य नीति

'शत्रु जीवित भएमा धेरै विग्रिन सक्छ । महानन्दले शकटार कात्यायनलाई जीवित नराखी वध गरिदिएको भए आज उसले बन्दी हुनुपर्ने थिएन । तर गुरुदेव ! असमन्जस हुँदै चन्द्रगुप्तले भने । तर के ? मोह भरिएर आएजस्तो छ बाबुको, यो मोहमा आफ्नो उद्देश्य के हो, बिर्सियौ ? अलिक रोपयुक्त स्वरमा चाणक्यले भने ।

धधचन्द्रगुप्त हिँडिसकेपछि धेरै समयसम्म चाणक्य सोच्न बाध्य भए । उनले आफ्ना अनुचर शंकरदेवलाई बोलाई भने- 'तिमी तुरुन्तै जाऊ आजै मुरालाई लिएर आऊ भन्नु आचार्य वात्स्यायनले बोलाएको छ ।' आज्ञा पाई शंकरदेव गए । चाणक्य फेरि आफ्नो विचारमा मग्न भए ।

सोच्दै, हात पारेको शत्रुलाई छोड्नु पाप हो चन्द्रगुप्त महानन्दको वध गर्न चाहँदैन, महानन्द जीवित हुनुको अर्थ चन्द्रगुप्तको मृत्यु अनि मेरो प्रतिज्ञा त्यो पनि थाहा छैन के हुन्छ ? यो समय चुक्ने समय होइन भोलि सूर्योदयका साथसाथै महानन्दको वध गराउनुपर्छ । अनि यो हत्याराका रगतले मेरो पिताको तर्पण गर्न सक्छु । ...कौटिल्यको प्रतिज्ञा भोलि अवश्य पूर्ण हुन्छ ।

सन्ध्या सकिन लागेको थियो । शंकरदेव मुरालाई लिएर चाणक्यका कुटीमा प्रवेश गरे । प्रणामपछि मुरालाई आफ्ना आसनको छेउमा बसाले ।

मुरा- महात्मन् ! के आज्ञा छ ? अपर्झट यो समयमा किन बोलाइयो ? चाणक्य- आपतमा शक्तिको आवश्यकता पर्छ । तिम्रो नामको राज्य स्थापना गर्ने इच्छा छ । तिमीले आफ्नो मुटुलाई ढुङ्गाजस्तो पार्नुपर्छ । मुरा- किन छकाउँदै हुनुहुन्छ, स्पष्ट भनिदिनोस् । चाणक्य- स्पष्ट छ, महानन्द बन्दी भएको छ, मगधमा चन्द्रगुप्तको अधिकार छ, अलिकति हृदय बलियो बनाई भोलि महानन्दलाई वध गर्ने आज्ञा दिन तयार हुनुपर्छ ।

मुरा- यो के भन्दै हुनुहुन्छ एउटी पत्नी आफ्नो पतिको वध गर्ने आज्ञा पुत्रलाई देओस् । यो कसरी सम्भव हुन्छ ? चाणक्य- हेर्नोस् देवी ! तपाईंको यही पतिले तपाईं र चन्द्रगुप्तको कस्तो अवस्था बनायो । यो अधमले सयौं नारीलाई बरबाद पाऱ्यो । के यस्तो जीवले बाँचिरहनु उचित हुन्छ ? यदि महानन्द जीवित भयो भने भोलि तिम्रो पुत्र चन्द्रगुप्तको वध गर्नेछ । उसमा तिमी वा तिम्रो पुत्रका लागि कुनै स्नेह छैन ।

# एन्टिबायोटिक दुरूप्रयोग प्रभाव र न्युनीकरणका उपाय



डा. केदार कार्की

> पशुपक्षी आफै बिरामी नहुँदा पनि रोग नियन्त्रण एवं तौल वृद्धिका लागि पशुपक्षीलाई प्रयोग गराइने एन्टिबायोटिकका कारण पशुपक्षीका लागि सहयागी हुने आन्द्रामा पाइने इकोलाइ प्रजातिका ब्याक्टेरिया एन्टिबायोटिक प्रभाव मुक्त भई पशुपक्षीका तन्तुमा समाहित हुन जाँदा पनि त्यस्ता पशुबाट प्राप्त पशुजन्य पदार्थले मानिसमा एन्टिबायोटिक सहनशील ब्याक्टेरिया ओसार्न सक्छ । जसको कारण मानिस बिरामी पर्दा दिइने एन्टिबायोटिक निष्प्रभावी हुने समस्या देखिन सक्छ । युरोपियन युनियन तथा पश्चिमा मुलुकमा पशुपालनमा रोग नियन्त्रण एवं तौल तथा उत्पादन वृद्धिका लागि भनी प्रयोग गरिने एन्टिबायोटिक प्रयोग कानुन निषेध गरेको स्थिति छ त्यसो नभए पशुजन्य उत्पादनमा अवस्थित एन्टिबायोटिकको अवशेष पशुजन्य हुँदै जाँदा मानिसको शरीरलाई प्रतिकुल असर पार्ने ब्याक्टेरियाले आफूमा रहेको एन्टिबायोटिक प्रतिरोध क्षमता बिनाश गर्न सक्छ ।

सबैखाले प्रतिजैविक औषधिको यदि लामो समय वा निर्धारित मात्राभन्दा बढी गरे, गराइयो भने मानिस होस वा पशुपक्षी सबैमा यसले फाइदा पुऱ्याउने भन्दा प्रतिकुल असर तिनको स्वास्थ्यमा पुऱ्याउँछ । पशुपालनमा एन्टिबायोटिकको प्रयोग पशु रोगको उपचार तथा रोगको नियन्त्रण जस्ता कल्याणकारी कार्यका साथै अधीक उत्पादन गरी आर्थिक लाभ लिनका लागि पनि प्रयेग गर्न आवश्यक मानिन्छ । पशुपालन गरिने जुन मुलुकमा पशुको गोठको सरसफाइ तथा विभिन्न खाले सरुवा तथा संक्रमक रोगको नियन्त्रणका प्रभावकारी उपाय अवलम्बन गरिएका हुदैनन । यस्ता ठाउँमा पालेको पशुपक्षीलाई रोग लागिसकेपछि उपचार गर्न प्रयोग गरिने मात्राभन्दा कममात्रामा एन्टिबायोटिक पशुलाई दिने हो भने पशुको उत्पादकत्व स्थिर राख्न तथा वृद्धि गर्न सहायक हुने मानिन्छ । जनस्वास्थ्यका दृष्किोणले पनि यसरी एन्टिबायोटिकको प्रयोगले पशुपक्षीबाट साल्मोनेला जस्ता विषाणु वातावरण प्रवाहित गर्न कम गराउने गरेको विज्ञको अनुमान छ । यसका साथै कुखुरामा अन्डा कुहिने रोग तथा बंगुरमा आउँमासी झाडापखालाका रोग नियन्त्रण गर्ने गरेको पाइन्छ ।

उपचारात्मक एन्टिबायोटिकको प्रयोग छुट्टाछुट्टै जनावर वा सानो समूहका जनावरलाई निश्चित तथा छोटो अवधिका लागि रोग अनुसार प्रयोग गरिन्छ । अर्को तर्फ निरोधात्माक रूपमा प्रयोग गराइने एन्बिायोटिक पशुपक्षीका ठुला बथानमा उपचार गर्दा प्रयोग गरिने मात्राभन्दा कम मात्रामा केही लामो समयसम्म प्रयोग गराइने गरिन्छ अर्कोतिर उत्पादकत्व शारीरिक तौलको द्रुत निकाश पशुपक्षीमा होस भन्नका लागि एन्टिबायोटिक टाइलोसिन भिरगिनियामाइसिन वा त्यस्ता तत्व जुन खास एन्टिबायोटिक भनिने प्रयोग गराइन्छ जस्लै आएनोफोर समूहका औषधिहरू धेरै न्युन मात्रामा केही लामो समय वा जनावर गोठखोरमा रहेसम्म प्रयोग गाइन्छ ।

जनस्वास्थ्यको सुरक्षाको दृष्टिकोणले पशुजन्य उत्पादनमा एन्टिबायोटिकहरूको अवशेषको उपस्थितिले चुनौती सिर्जना गरेको छ । जनस्वास्थ्यकर्मीको टाउको दुखाइ यतिमात्र हो । आज पशुपक्षी पालनका क्रममा एन्टिबायोटिकको प्रयोग यति विस्तारित भएको छ कि पशुजन्य उत्पादनका लागि पालिएका पशुहरूमा तिनको समग्र उत्पादन दिने वा उत्पादन भित्र्यउने बेलासम्म ८० % पशुपक्षीमा धेर - थोर वा निरन्तर प्रयोग गरे, गराइएको तथ्य पाइन्छ । सबै खाले प्रतिजैविक औषधिको यति लामो समय वा निर्धारितमात्रा भन्दा बढी गरे, गराइयो भने मानिस होस वा पशुपक्षी सबैमा यसले फाइदा पुऱ्याउनेभन्दा प्रतिकुल असर तिनको स्वास्थ्यमा पुऱ्याउँछ । यस्ता पशुबाट उत्पादित मासु तथा पशुजन्य पदार्थ हाम्रो भान्सा घरमा पुगे भने प्रयोगकर्तामा पनि यसको लक्षण देखाउन के को आइतबार ? न्युनमात्रामा जथाभावी यी एन्टिबायोटिकको मनोमानी दुरूपयोग गर्नाले पशुमा रोग लागि सकेपछि एन्टिबायोटिक प्रयोग गरि उपचार गर्दा औषधि त बिरामी निको पार्न निष्प्रभावी हुन्छ नै बरु त्यस्ता पशुबाट उत्पादन हुने पशुजन्य उत्पादनमा सञ्चय भई अवशेषको रूपमा रही ती उत्पादनसहित मानिसको शरीरमा प्रवेश गर्नेछ ।

### एन्टिबायोटिकको निष्प्रभावकारिताको खतरा अनि चुनौती

एक्काइसौं शताब्दीको प्रवेशसँगै चिकित्सा विज्ञानले जनस्वास्थ्य क्षेत्र बिरामी उपचार गदै बेहोर्न परेको चुनौति बिरामीको उपचारमा प्रयोग गरिने चलनचल्ती तथा उत्तराधुनिक एन्टिबायोटिक उपचार निष्प्रभावी हुनु मानिन्छ । यसो हुनुको मुख्य कारण पशुपक्षीमा अनियन्त्रीत रूपमा हुने गरेको एन्टिबायोटिकको प्रयोगले ती पशुबाट उत्पादित पशुजन्य उत्पादनमा हुन जाने तिनको अवशेषको उपयोगको परिणतिको रूपमा लिइएको छ । अझ खाद्य शृंखलाका माध्यमबाट पशुमा नै एन्टिबायोटिक प्रतिरक्षात्मक विकास भएमा जीवाणु मानिसको शरीरमा प्रवेश गर्न सक्ने खतरा उत्तिकै छ । पशुपक्षीमा उपचारका क्रममा चाहिनेभन्दा बढी मात्रा तथा अनावश्यक रूपमा एन्टिबायोटिक प्रयोगले उत्पन्न समस्याले मानव स्वास्थ्यलाई त पिरोलेकै छ । यसका साथै पशुपक्षीहरूमा पनि रोगको रोकथाम गर्न अनि एन्टिबायोटिक पहिलै खुवाएपछि हलक्क जीउ लाग्छ भनी एन्टिबायोटिक जथाभावी प्रयोग गर्दा पशुपक्षी साच्चिकै बिरामी पर्दा ब्याक्टोरियाले गर्दा बिरामी भएको पशुलाई एन्टिबायोटिक दिई उपचार गर्दा विष्प्रभावी हुने गरेको समस्याले कृषकमात्र होइन मै हुँ भन्ने पशु चिकित्सक रनभुल्ल परेको कथा पनि छ ।

### होइन, यी ब्याक्टेरियाले, एन्टिबायोटिक निष्प्रभावी कसरी बनाउछ ?

यसबारे भिन्नभिन्न सिद्धान्त प्रक्रिया हुने गरेको छ उदाहरणका लागि सालमोनेला टाइफिमुरीयाम प्रजातिको ब्याक्टोरिया जुनसुकै खाले एन्टिबायोटिकको सम्पर्कमा आउँदा आफूलाई तुरुन्तै सुरक्षित पार्छ भने साल्मोनेला डब्लिएन भने त्यही खाले एन्टिबायोटिक लामो समयसम्म प्रयोग गर्दा पनि संवेदनशील रहन्छन् अर्थात् नष्ट भएर जान्छन् । त्यसैगरी स्ट्रेप्टोकोकस ओरियसका लागि पेनिसिलियन समूहको एन्टिबायोटिक प्रयोग गर्दा छोटो समयमा निष्प्रभाविताको समस्या देखापर्छ भने स्ट्रेप्टोकोकस निमोनिइ प्रजातिमा यो समस्या देखा पर्न २० वर्षको समय लाग्न सक्ने तथ्य भेटिन्छ पशुपक्षी उपचारका लागि फलरोकुयिनोल समूहको औषधि प्रयोगमा ल्याउँदा कम्पाइलो ब्याक्टर प्रजातिका ब्याक्टोरिया तथा अप्रामाइसिन एन्टिबायोटिक प्रयोगमा ल्याउँदा इकोलाई तथा सालमोनाला प्रजातिका ब्याक्टोरियाले छिटै निष्प्रभावी पार्न भने लामै समय प्रयोग गराएको हुनुपर्ने देखिन्छ । एकपटक प्रयोगपछि केही समय छाडी प्रयोग गर्दा ट्रासाइक्लिन समूहका एन्टिबायोटिकमा भने ब्याक्टोरियामा यिनको निष्प्रभावी गराउनु क्षमता रहिरहने गर्छ । यस विपरीत एमोपारसिन जस्ता एन्टिबायोटिकको हकमा भने यसको ठीक विपरीत हुने गर्छ । त्यसै पनि बिरामीलाई बिरामी पर्ने पटकैपिच्छे एकैखाले एन्टिबायोटिकको प्रयोग गर्दा यस्तो समस्या बल्झिन सक्छ ।

### पशुपक्षीलाई असर गर्ने ब्याक्टोरियामा एन्टिबायोटिक निष्प्रभावी पार्ने क्षमताको अध्ययनको स्थिति

